आज मिति २०७८।०६।२४ गते आईतवार विहान ८:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा बैठक बस्यो ।

**तपशिल**

| क्र.सं. | **नाम थर** | **पद** | **हस्ताक्षर** |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुवेदी | प्रमुख | उपस्थित |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | अनुपस्थित |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | अनुपस्थित |
| ४ | श्री घनश्याम गौतम | सदस्य | उपस्थित |
| ५ | श्री योगेन्द्र प्रसाद सुवेदी | सदस्य | उपस्थित |
| ६ | श्री राम कुमार राई | सदस्य | उपस्थित |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | अनुपस्थित |
| ८ | श्री उदय बहादुर राई | सदस्य | उपस्थित |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | उपस्थित |
| १० | श्री धनपति गौतम | सदस्य | उपस्थित |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | उपस्थित |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | उपस्थित |
| १३ | श्री यम बहादुर पोखरेल | सदस्य | उपस्थित |
| १४ | श्री खिनामाया थापा | सदस्य | उपस्थित |
| १५ | श्री गिता शिवा | सदस्य | उपस्थित |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | उपस्थित |
| १७ | श्री सुनिता चौधरी | सदस्य | उपस्थित |
| १८ | श्री सुजन कुमारी राजवंशी | सदस्य | अनुपस्थित |
| १९ | श्री गिता गिरी | सदस्य | उपस्थित |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | उपस्थित |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | उपस्थित |
| २२ | श्री प्रदिप शाह | सचिव | उपस्थित |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | अधिकृतस्तर सातौ | उपस्थित |

## प्रस्तावहरु

१. अघिल्लो वैठकको समिक्षा ।
२. वडादशै तिहार छैठ पर्वको शुभकामना ।
३. विद्यालयको बसको विमा सम्बन्धमा ।
४. सुकुम्वासी ईकाइका कर्मचारीको तलब सम्बन्धमा ।
५. पशुहाटको शुल्क असली सम्बन्धमा।
६. विद्युत प्राधिकरणको उत्तर तर्फको वाल भत्काउने सम्बन्धमा ।
७. काकुम यूवा समुहको गेट निर्माण सम्बन्धमा ।
८. शर्पदंश सचेतना कार्यक्रम सम्बन्धमा ।
९. बेलबारी बहुमुखी क्याम्पसको छात्रवृत्ति सम्बन्धमा ।
१०. मकैको पकेट विकास कार्यक्रम सम्बन्धमा ।
११. कृषि समुह छनोट तथा लेखापरिक्षण सम्बन्धमा ।
१२. नगरसभा सम्बन्धमा ।
१३. विविध सम्बन्धमा ।

## निर्णयहरु

**निर्णय नं.१ः** अघिल्लो कार्यपालिकाले गरेका निर्णयहरुको समिक्षा गर्दा सबै निर्णयहरु कार्यान्वयन तहमा रहेको पाईयो ।

**निर्णय नं.२ः** नेपालीहरुको महान चाडपर्व वडादशैको अवसरमा हालको कोरोना महामारीलाई ध्यानमा राखी स्वास्थ्य मापदण्ड अपनाई गर्न गराउन हुन अनुरोध गर्दै समस्त नगरवासीहरुमा हार्दिक मंगलमय शुभकामना दिने निर्णय गरियो ।

**निर्णय नं.३ः** जनता मा.वि. नक्शल बेलबारी १, जनता मा.वि. राधानगर बेलबारी ८ र नमुना जनता मा.वि. बेलबारी ९ बाट संचालित विद्यालयको बसको बिमा लगायत आवश्यक खर्चहरु नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.४ः** भूमिहिन तथा अव्यवस्थित सुकुम्बासी समस्या समाधान ईकाइमा कार्यरत कर्मचारीहरुको तलब सुविधाको लागि नेपाल सरकारले भूमि आयोग विघटन गरेको मितिसम्मको तलब सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.५ः** बेलबारी नगरपालिका वडा नं. ३ मा अवस्थित पशुहाट बजारको सेवा शुल्क असुलीको ठेक्का बन्दोबस्त गर्न गराउन कोभिडको कारण पशुहाट बजार नियमित रुपमा लाग्ने शुनिश्चित समेत नभैरहेको अवस्थामा विगत आ.व. देखि निरन्तर रुपमा ठेक्का लिई कार्य गरिरहेको व्यक्ति वा संस्थालाई नै सार्वजानिक खरिद ऐन नियमको परिधिभित्र रहि तपिशलको दररेटमा सेवा शुल्क असुली कार्य गराउने निर्णय गरियो ।

**तपशिल**

- जुनसकै पशुजन्य खरिद बिक्री मूल्यको २ दशमलव ५ प्रतिशत ।

**निर्णय नं.६ः** विद्युत प्राधिकरण शाखा रहेको उत्तर तर्फको सडक चौडा गर्दा भत्काउदा र बनाउदा लाग्ने आवश्यक नगरपालिकाले व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** बेलबारी वडा नं. ४ को बेतना सिमसार क्षेत्रमा काकुम यूवा समुहले निर्माण गरेको गेट क्रमागत योजनाको रुपमा कार्यान्वयन गरि आवश्यक रकम कबिर मा.वि. अधुरो भवन निर्माण शिर्षकबाट हाललाई भुक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं.८:** शर्पदंश सम्बन्धी सचेतना कार्यक्रम नगर क्षेत्रको २ स्थानमा गर्ने निर्णय गरियो ।

**निर्णय नं.९:** बेलबारी बहुमुखी क्याम्पसको २०७८ श्रावण भन्दा पछि भर्ना भएका विद्यार्थीहरुको भर्ना शुल्क नगरपालिकाको स्वीकृत ब.शि.नं. ४६ को छात्रावृत्ति प्रमथजाती धिमाल आदीवासी पिछडावर्ग तथा अन्य विपन्न वर्ग शिर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.१०:** बेलबारी नगरपालिका प्रधानमन्त्री आधुनिक कृषि कार्यक्रम अन्तर्गत मकैको पकेट कार्यक्रम संचालनको लागि प्राप्त प्रस्ताव कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.११:** नगर भित्र रहेका कृषक समुहहरुलाई सहुलियत दरमा कर्जा प्रवाह गरि व्यवसायीकरण गर्न गराउनको लागि सम्बन्धित वडा कार्यालयले आफ्नो वडामा रहेका कृषक समुहहरु मध्ये पहिलो चरणमा १० वटा समुहहरु प्राथमिकताको आधारमा कार्तिक ५ गते सम्ममा छनौट गरि नगरपालिकामा पठाउने निर्णय गरियो ।

**निर्णय नं.१२:** बेलबारी नगरपालिका हिउँदे नगरसभाको अधिवेशन २०७८ कार्तिक १५ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** विविध

क. वडा नं. ७ को कार्यालयको मिति २०७८।०६।१९ को सिफारिस बमोजिम चालु आ.व.को बजेट सि.नं. ४४७ को टावर मार्गको बाटो निर्माण एजिङ्गलाई परिवर्तन गरि टावर मार्ग ग्राभेल कायम गर्ने निर्णय गरियो ।

ख. वडा नं. ८ को मिति २०७८।०६।१४ को सिफारिस बमोजिम चालु आ.व.को बजेट सि.नं. ४५८ को जनप्रेमी पूर्व सुकुना बाटोको स्तरोन्नतीको सट्टा सुकुना बाटो एजिङ्ग निर्माण कायम गर्ने र बजेट सि.नं. ३१३ को महिला लक्षित कार्यक्रम सिलाइ मेशिन खरिद शिर्षकलाई खण्डीकरण गरि सिलाइ कटाइ तालीम रु. १ लाख र सिलाई मेशिन खरिद तथा वितरण रु. २ लाख कायम गर्ने निर्णय गरियो ।

ग. पुरानो नगरपालिका अगाडी स्लाब निर्माण र पिसिसि कार्य र लक्ष्मीमार्ग सोराभाग सडक मर्मत वडा नं. ३ र ६ साथै सनिमार्ग, भानुमार्ग चित्रेचौक पूर्व ड्रेन तथा एजिङ्ग निर्माण वडा नं. ८ र ११ को रकम भूक्तानीको लागी अन्य सार्वजनिक निर्माण शिर्षकमा भएकोले सो शिर्षक परिवर्तन गरि पूँजीगत शिर्षकबाट गर्ने निर्णय गरियो ।

घ. स्थानीय स्तरबाट तपशिलका व्यक्ति, समुह वा संस्थाहरुको आवश्यक्ताका आधारमा माग भई पेश भएका योजना तथा कार्यक्रमहरु नगर विकास योजनामा उल्लेखितमा तोकिएका शिर्षकबाट खर्च गर्ने/गराउने निर्णय गरियो ।

<u>तपशिल</u>

**बजेट क्र.स.नं. २७११२ अन्य सामाजिक सुरक्षा**

| क्र.स. | योजना तथा कार्यक्रमको नाम | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | विवेक उराव, बेलबारी – २ औषधी उपचार सहयोग | १५०००।०० | |
| २ | भक्त बहादुर विश्वकर्मा, बेलबारी – ७ औषधी उपचार सहयोग | १५०००।०० | |

**बजेट क्र.स. नं. ५५ अन्य सामाजिक क्षेत्र सुधार**

| क्र.स. | कार्यक्रमको नाम | विनियोजित बजेट रु. | कैफियत |
|---|---|---|---|
| १ | स्रष्टा समाज बेलबारी, मोरङ साहित्य प्रवर्धन कार्यक्रम | ३००००।०० | |